सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९

अनुसूची

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

गृह-मन्त्रालय

श्री सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुर

पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं.-१

(प्रथम पटक प्रकाशित मिति २०८३/०७/१० गते)

श्री सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा रहेका प्रयोगमा नआउने भई लिलाम बिक्री गर्न निर्णय भएका पुराना जिन्सी मालसामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न ईच्छुक व्यक्ति, संस्था वा कम्पनीलाई निम्न लिखित सर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	पुराना जिन्सी सामानहरुको विवरण	न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक)	बोलपत्र फाराम दस्तुर रु.	कैफियत
१.	प्लास्टिक (कडा/नरम) फलाम (कडा/नरम) ब्याट्रि/सिल्वर	रु.२२०४०.५८/-	रु.१,०००/-	
जम्मा		रु.२२,०४०.५८/- अक्षरेपी (बाईस हजार चालिस रुपैयाँ अन्ठाउन्न पैसा मात्र)		

बोलपत्र फाराम श्री सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३/०७/१८ गते) कार्यालय समय भित्र बोलपत्र फारममा तोकिएको दस्तुर फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ ।बोलपत्र फाराम मिति २०८३/०७/१९ गतेको १२:०० बजे भित्र श्री सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे श्री जिल्ला प्रशासन कार्यालय भक्तपुर, श्री कोष तथा लेखा नियन्त्रण कार्यालय भक्तपुरबाट तोकिएका प्रतिनिधिहरुको रोहबरमा श्री सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारण बस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोही समयमा गरिने छ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १०% (दश) प्रतिशतले हुने रकममा नघटाई श्री सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरको कार्यालय कोड नं.३१४०५३३०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको नेपाल बैंक शाखा कार्यालय, भक्तपुरको धरौटी खाता नं.०१९०१०००००२००३०००००१ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३% (तेह्र प्रतिशत) समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ। बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम श्री सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजश्व दाखिला गरिने छ । लिलाम बिक्रीमा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, ईच्छुक फर्म, संस्था वा कम्पनिहरुको ईजाजत प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ। उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र श्री सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा आएर हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको सम्पर्क नं. ९८५१२७२०६७ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ। यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web Site:- www.apf.gov.np मा समेत राखिएको छ ।